## वस्तुगत प्रश्नोत्तर

१. **हरित् विकास र विश्वव्यापी लक्ष्य २०३० का लागि साझेदारी (पीफोरजी) सियोल शिखर सम्मेलन कहिले सम्पन्न भयो ?**
✍ सन् २०२१ मे ३०–३१ ।
- गणतन्त्र कोरियामा आयोजित कार्बन तटस्थताका लागि हरित् पुनः प्राप्ति विषयक भर्चुअल शिखर सम्मेलनमा ४० भन्दा बढी मुलुकका राज्य तथा सरकार प्रमुख, २१ अन्तर्राष्ट्रिय सङ्गठनका नेता, शिक्षा क्षेत्र, नागरिक समाज, व्यावसायिक समुदायका प्रतिनिधिको सहभागिता रहेको ।
- शिखर सम्मेलनले जलवायु परिवर्तनसम्बन्धी वैश्विक सामूहिक कार्यलाई गति दिन बेलायतमा हुने कोप-२६ सम्मेलनका लागि आधार तयार गर्ने जनाइएको ।
- सम्मेलनमा मे ३० का दिन राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाल सन् २०५० सम्ममा कार्बन तटस्थ मुलुक बन्ने लक्ष्यका साथ अगाडि बढेको बताउनुभएको ।

२. **चीनमा एक दम्पतीलाई तीन सन्तानसम्म जन्माउन पाउने नीति कहिले बन्यो ?**
✍ सन् २०२१ मे ३१ ।
- यसअघिको दुईजनासम्म बच्चा जन्माउन पाउने नीति परिवर्तन गर्दै अब एक दम्पतीले तीनजनासम्म सन्तान जन्माउन पाउने नीति सरकारले ल्याएको ।
- राष्ट्रपति सी चिन फिङद्वारा मे ३१ को पोलिटव्युरो बैठकमा उक्त नीतिलाई स्वीकृति दिइएको ।
- दस वर्षयता जनसंख्या वृद्धिदर ह्वात्तै कम भएपछि राष्ट्रपति सी नेतृत्वको सरकारले जनसङ्ख्या बढाउन नयाँ नीति ल्याएको ।
- चीनमा पछिल्लो वर्ष एक करोड २० लाखमात्रै बच्चा जन्मिएका थिए । सन् २०१६ मा एक करोड ८० लाख बच्चा जन्मिएका थिए । यस वर्षको जन्मदर सन् १९६० यताकै सबैभन्दा कम भएको जनाइएको ।
- चीनमा सन् १९८० देखि २०१५ सम्म एक दम्पतीले एकजना सन्तानमात्रै जन्माउने नीति लागू थियो । सन् २०१६ मा दुई सन्तानसम्म जन्माउन पाउने नीति लागू भयो ।

३. **चलचित्र पत्रकारिता दिवस कहिले मनाइन्छ ?**
✍ जेठ ७ ।
- चलचित्र पत्रकार सङ्घ नेपालले २०७८ जेठ ७ गते सङ्घको २२औँ स्थापना दिवस तथा १९औँ चलचित्र पत्रकारिता दिवस मनाएको ।
- सङ्घ दर्ता भएको दिनलाई आधार मानेर हरेक वर्ष जेठ ७ मा यो दिवस मनाउँदै आइएको ।

४. **विष्णुमती नदी मुहानसम्बन्धी तीर्थलाई के भनी चिनिन्छ ?**
✍ सपनतीर्थ ।



५. **नेपालमा राष्ट्रिय महिला अधिकार दिवस कहिले मनाइन्छ ?**
✍ जेठ १६ ।

६. **यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) कुन आधारमा गरिने भएको छ ?**
✍ विद्यालयको आन्तरिक मूल्याङ्कनबाट ।
- (कोभिड १९ महामारीका कारण एसईई परीक्षा विद्यालयको आन्तरिक मूल्याङ्कनबाट गरिने भएको । कोभिड–१९ महामारीकै कारण गत वर्षको एसईई परीक्षा पनि विद्यालयको आन्तरिक मूल्याङ्कनबाटै गरिएको ।)

७. **गौतम बुद्ध अन्तर्राष्ट्रिय शान्ति पुरस्कार स्थापना कहिले भएको हो ?**
✍ विक्रम संवत् २०६२ ।
- (प्रत्येक पाँच–पाँच वर्षमा प्रदान गरिने गौतम बुद्ध अन्तर्राष्ट्रिय शान्ति पुरस्कार पहिलोपटक विसं २०६५ बुद्ध पूर्णिमाका दिन प्रदान गरिएको ।)

८. **भूउपग्रहबाट पहिलोपटक टेलिफोन सञ्चालन भएको जिल्ला कुन हो ?**
✍ मुस्ताङ ।

९. **नेपाल सहायता समूहको गठन कहिले भएको हो ?**
✍ सन् १९७६ ।

१०. **सार्क सचिवालयबाट नियमित रूपमा निस्कने पत्रिकाको नाम के हो ?**
✍ पिगन ।

११. **नेपालमा विद्युत् सङ्केतबाट ट्राफिक नियन्त्रण गर्न कहिलेदेखि थालिएको हो ?**
✍ विसं २०२३ ।

१२. **नेपालमा भारतको पहिलो महावाणिज्य दूतावास कहिले र कहाँ खोलियो ?**
✍ विसं २०६१ माघ ४, वीरगन्ज ।

१३. **नेपालमा गणतन्त्र दिवस कहिले मनाइन्छ ?**
✍ जेठ १५ ।
- (संविधानसभाको पहिलो बैठकले २०६५ जेठ १५ गते नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको दिनको स्मरणमा हरेक वर्ष गणतन्त्र दिवस मनाउँदै आइएको ।)

१४. **राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा बङ्गलादेशको राजकीय भ्रमण कहिले भएको हो ?**
✍ विसं २०७७ चैत ९–१० (सन् २०२१ मार्च २२–२३) ।

१५. **मन्त्रिपरिषद्को २०७८ जेठ १० को बैठकले कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्र (सीसीएमसी)को प्रमुख कार्यकारी अधिकृत (सीईओ) मा कसलाई नियुक्त गर्‍यो ?**
✍ बालानन्द शर्मा (नेपाली सेनाका पूर्वरथी) ।

१६. **युवा तथा खेलकुद मन्त्रालयले खेलकुद पत्रकारिता पुरस्कार–२०७७ कसलाई प्रदान गर्‍यो ?**
✍ खेल पत्रकार कमल खत्री (पुरस्कार राशि रु. ५० हजार) ।

१७. **नेपालमा सबैभन्दा बढी पाटेबाघ पाइने राष्ट्रिय निकुञ्ज कुन हो ?**




✍ चितवन राष्ट्रिय निकुञ्ज ।

१८. **विश्व फुटबलको सर्वोच्च निकाय फिफाले सन् २०२१ मे २७ मा जारी गरेको नयाँ वरियतामा नेपाल कतिऔँ स्थानमा रहेको छ ?**
✍ १७१औँ ।
- नेपाल दक्षिण एसियाली राष्ट्रको वरियतामा तेस्रो स्थानमा रहेको ।

१९. **नेपाली साहित्यका प्रथम सहिद भनी कसलाई चिनिन्छ ?**
✍ सुब्बा कृष्णलाल अधिकारी ।



२०. **केन्द्रीय पञ्जीकरण (व्यक्तिगत घटनादर्तासम्बन्धी कार्य गर्ने निकाय) विभाग कुन मन्त्रालयअन्तर्गत पर्छ ?**
✍ सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

२१. **ब्रिक्स बैङ्कको प्रधान कार्यालय कहाँ छ ?**
✍ साङ्घाइ (चीन) ।

२२. **नेपालमा प्रमुख जिल्ला अधिकारीको नियुक्ति कहिलेदेखि सुरु भएको हो ?**
✍ विसं २०२२ पुस १ ।

२३. **सरकारी कार्यालयका साइनबोर्ड नेपालीमा राख्नुपर्ने व्यवस्था कहिलेदेखि भएको हो ?**
✍ विसं २०१८ जेठ ९ ।

२४. **सर्वप्रथम मूल्य अभिवृद्धि कर लागू गर्ने देश कुन हो ?**
✍ फ्रान्स (सन् १९५४ देखि) ।

२५. **नेपालको सबैभन्दा उच्च स्थानबाट बगेको अरूण नदीलाई अर्को के नामले चिनिन्छ ?**
✍ फुङ्चु ।

२६. **मनोवैज्ञानिक चिकित्सा प्रणालीका जन्मदाता को हुन् ?**



✍ सिग्मन्ड फ्रायड ।

२७. **भारतमा बापु भन्नाले महात्मा गान्धीलाई चिनिन्छ भने नेताजी भन्नाले कसलाई चिनिन्छ ?**
✍ सुवासचन्द्र बोस ।

२८. **नेपालमा हायू जातिको मुख्य बसोवास कहाँ रहेको छ ?**
✍ रामेछाप र सिन्धुली ।

२९. **जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता अनुमोदन गर्ने पहिलो सार्क राष्ट्र कुन हो ?**
✍ माल्दिभ्स ।
- (नेपालले सन् २०१६ अक्टोबर २४ मा यो सम्झौता अनुमोदन गरेको ।)

३०. **बीमा समितिबाट हालै सञ्चालन अनुमति प्राप्त गरेको पुनर्बीमा कम्पनी कुन हो ?**
✍ हिमालयन रि–इन्स्योरेन्स कम्पनी । ■

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# अहिलेको बजेट




१. **आर्थिक वर्ष २०७८/०७९ को बजेटका मुख्य विशेषता उल्लेख गर्नुहोस् ।**
✍ नेपालको संविधानको धारा ११९ अनुसार नेपाल सरकारको अर्थमन्त्रीद्वारा प्रत्येक आर्थिक वर्षको जेठ महिनाको १५ गते सङ्घीय संसद्मा बजेट (राजस्व र व्ययको वार्षिक अनुमान) पेस गर्नुपर्ने व्यवस्था छ । हाल प्रतिनिधिसभा विघटनको अवस्था भएकाले यस वर्षको बजेट अध्यादेशमार्फत ल्याइएको छ । आगामी साउन १ गतेदेखि लागू हुने यस बजेटले कोभिड–१९ को महामारीबाट नागरिकको जीवन रक्षा, विकास निर्माणलाई तीव्रता, सुदृढ लोककल्याणकारी राज्य, सार्वजनिक, निजी र सहकारी क्षेत्रको परिचालन गर्दै उत्थानशील अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिएको छ । ६.५ प्रतिशत आर्थिक वृद्धिदर हुने अनुमान गरेको यो बजेटले हरेक क्षेत्रमा राहत, सहुलियत र आर्थिक पुनरुत्थानमा जोड दिएको छ । यो नै बजेटको मूलभूतः विशेषता हो । बजेटका अरू विशेषतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- बजेटको आकार बढाइएको छ, जसमा कुल बजेट रु. १६ खर्ब ४७ अर्ब ५७ करोडमध्ये चालु खर्च रु. छ खर्ब ७८ अर्ब ६१ करोड (४१.२ प्रतिशत), पुँजीगत खर्च रु. तीन खर्ब ७४ अर्ब २६ करोड (२२.७ प्रतिशत), वित्तीय व्यवस्थातर्फ रु. दुई खर्ब सात अर्ब ९७ करोड (१२.६ प्रतिशत), प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण रु. तीन खर्ब ८६ अर्ब ७१ करोड (२३.५ प्रतिशत) रहेको छ । यो खर्च बेहोर्ने स्रोतमध्ये राजस्वबाट रु. १० खर्ब २४ अर्ब ९० करोड, वैदेशिक अनुदानबाट रु. ६३ अर्ब ३७ करोड, वैदेशिक ऋणबाट रु. तीन खर्ब नौ अर्ब २ ९ करोड र आन्तरिक ऋणबाट रु. दुई खर्ब ५० अर्ब छ ।
- निषेधाज्ञा अवधिभर विद्युत् महसुलमा छुट दिइएको छ, मासिक २० युनिटसम्म खपत गर्नेलाई सबै छुट, मासिक १५० युनिटसम्म खपत गर्नेलाई ५० प्रतिशत छुट, मासिक २५० युनिटसम्म खपत गर्नेलाई ३० प्रतिशत छुट, उत्पादनमूलक उद्योग, होटल तथा चलचित्र उद्योगलाई विद्युत् डिमान्ड शुल्क छुट,
- विद्यार्थीलाई ल्यापटप किन्न रु. ८० हजारसम्म ऋण, १६ वर्षमाथिका सबै विद्यार्थीलाई एक थान सिमकार्ड निःशुल्क, स्नातक वा सोभन्दा माथिको शैक्षिक प्रमाणपत्र धितो राखेर पाँच प्रतिशत ब्याजमा रु. २५ लाखसम्म सहुलियत कर्जा,
- सामाजिक सुरक्षा कोषमा आबद्ध श्रमिक तथा रोजगारदाताले जम्मा गर्नुपर्ने २०७८ जेठ र असारको योगदान रकम नेपाल सरकारले बेहोर्ने,
- आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न निजामती, सार्वजनिक संस्थान र प्रतिष्ठानका कर्मचारीलाई दस दिनको पारिश्रमिकबराबरको रकमसहित पर्यटन काजको व्यवस्था,
- नेपाल भ्रमण गर्ने विदेशी पर्यटकलाई एक महिनाको निःशुल्क पर्यटकीय भिसा,
- बेरोजगार व्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारी सुनिश्चित, प्रधानमन्त्री रोजगार कार्यक्रमबाट आगामी वर्ष दुई लाख रोजगारी सिर्जना गर्न १२ अर्ब विनियोजन, व्यवसायसम्बन्धी सीप विकास तालिम थप एक लाख व्यक्तिलाई प्रदान गर्न ४० करोड विनियोजन,
- सामाजिक सुरक्षा भत्तामा ३३ प्रतिशतले वृद्धि गरी ज्येष्ठ नागरिकको मासिक भत्ता अब रु. चार हजार,
- कृषिमा आत्मनिर्भरताको अभियान, दुई वर्षभित्र दूध र तरकारी, तीन वर्षभित्र गहुँ, मकै, कोदो, फापर र पाँच वर्षभित्र चामलमा आत्मनिर्भर हुने,
- गरिबलाई राज्य सुविधा परिचयपत्र वितरण, गरिबी निवारण कोष खारेज, गरि बसँग विश्वेश्वर कार्यक्रमलाई निरन्तरता,
- विसं २०८८ सम्ममा पेट्रोलियम पदार्थबाट चल्ने हलुका सवारीसाधनलाई विद्युतीय सवारीसाधनले विस्थापित गर्ने रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गरिने,
- पत्रकारलाई सात लाखसम्मको दुर्घटना बीमा, सरकारी अस्पतालमा निःशुल्क उपचार,
- राष्ट्रसेवक कर्मचारीको तलबमा मासिक दुई हजारले वृद्धि,
- त्यसैगरी, काठमाडौँमा आगामी वर्ष एक सय विद्युतीय बस सञ्चालन, उद्योग व्यवसायीका लागि कर छुटदेखि विशेष राहत सुविधा, प्रत्येक स्थानीय तहमा दमकल, सुकुम्वासीलाई जग्गा किन्न रकम विनियोजन, चितवनको अयोध्यापुरीमा राममन्दिर निर्माणका लागि बजेट प्रावधानलगायतका विभिन्न व्यवस्था गरिएको यो सुविधाको प्याकेजयुक्त बजेट कार्यान्वयनलाई भने विगतका बजेटभन्दा अरू थप सशक्त बनाउनुपर्ने देखिन्छ ।

२. **नेपालमा सहकारी क्षेत्रलाई आर्थिक विकासको एक महत्त्वपूर्ण संवाहकका रूपमा स्वीकार गरिएको छ । यसै सन्दर्भलाई दृष्टिगत गर्दै पछिल्ला वर्षमा देशको आर्थिक विकासमा सहकारी क्षेत्रले पुर्‍याएको योगदान चर्चा गर्दै सहकारी क्षेत्रको विकासमा देखापरेका चुनौतीसमेत उल्लेख गर्नुहोस् ।**
✍ आय आर्जनको उद्देश्य राखी स्थापना भएको सर्वसाधारण मानिसको सङ्गठित समूह सहकारी हो । नेपालमा सहकारीलाई अर्थतन्त्रको तेस्रो खम्बाका रूपमा लिइएको छ । नेपालको संविधानको धारा ५१ (घ) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने, सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने, संवैधानिक नीति छ । सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा सहकारी समावेश छ । सहकारी ऐन–२०७४ र सहकारी नियमावली–२०७५ जारी छ । सहकारीको दर्ता र नियमन सहकारी विभागले गर्दै आएको छ । सहकारी संस्थाको प्रवर्द्धन, तालिम तथा प्रभावकारी नियमनका लागि आधारभूत तथ्याङ्क स्थानीय स्तरदेखि राष्ट्रियस्तरसम्म इन्टरनेटमा आधारित सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) सफ्टवेयर सहकारी विभागले सञ्चालनमा ल्याएको छ ।
- एकका लागि सबै र सबैका लागि एक भन्ने मान्यता स्थापित छ । मुलुकभर हाल २९ हजार ८८६ सहकारी क्रियाशील रहेको बताइन्छ । सङ्घ, प्रदेश र स्थानीय सरकारअन्तर्गत क्रमशः १२५, छ हजार दुई र २३ हजार ७५९ सहकारी सङ्घ संस्था रहेका छन् । सहकारीमा कुल सदस्य सङ्ख्या ७३ लाखभन्दा बढी छ, जुन कुल जनसङ्ख्याको २८ प्रतिशत हो । यसमा महिला ४१ लख (५६ प्रतिशत) र पुरुष ३२ लाख (४४ प्रतिशत) छन् । ८८ हजारभन्दा बढीलाई प्रत्यक्ष रोजगारी दिएको सहकारी क्षेत्रको आर्थिक एवम् सामाजिक योगदान अनुकरणीय छ । देशको आर्थिक विकासमा सहकारी क्षेत्रले पुर्‍याएको योगदान बारेमा निम्नानुसार चर्चा गर्न सकिन्छ :
- छरिएर रहेको स–सानो रकमबाट ठूलो पुँजी निर्माणमा योगदान,
- आयआर्जनमा वृद्धि, उत्पादनमा वृद्धि एवम् मूल्यवृद्धि नियन्त्रणमा सहयोग,
- पुँजी, प्रविधि, श्रम, सीपको परिचालन, स्रोत–साधनको अधिकतम प्रयोग,
- लगानीमा वृद्धि, बचत वृद्धि,
- रोजगारी सिर्जना, आर्थिक समानता कायममा सहयोग,
- समाजका विभिन्न वर्गलाई समेटी आपसी सहयोग बढाई सामाजिक एकता कायम गरेको,
- सहकार्य, सहभागिताले सबैको भूमिका प्रस्ट भई सामाजिक उत्तरदायित्वको भावना विकास भएको,
- विचार–विमर्श, छलफलबाट नेतृत्व क्षमता विकासमा योगदान पुगेको,
- सामाजिक न्याय कायम गर्नमा सहयोग पुगेको,
- दक्ष एवम् इमानदार व्यक्ति निर्माणमा योगदान,
- सामाजिक विकृति एवम् विसङ्गति हटाउन सहयोग ।

• **सहकारी क्षेत्रको विकासमा देखापरेका चुनौती**
- नेपालमा सहकारी क्षेत्रलाई व्यवस्थित गर्न संवैधानिक, कानुनी एवम् संस्थागत व्यवस्था छ र पनि यो क्षेत्र अझै व्यवस्थित हुन सकेको छैन । यसअन्तर्गत धेरै कार्य चुनौतीका रूपमा रहेका छन् । सहकारी क्षेत्रको कार्य जिम्मेवारी तीन तहको सरकारमा रहेको छ ।
- यी सरकारले आ–आफ्नो क्षेत्रभित्र रही समन्वयात्मक रूपमा सहकारीको नियमन थप प्रभावकारी बनाउँदै जानु चुनौती छ । यो क्षेत्रमा देखिएका चुनौतीलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- सरकारी क्षेत्र पुग्न नसकेका र निजी क्षेत्र पुग्न नचाहेका दुर्गम क्षेत्र, विपन्न वर्ग, समुदायलाई समेटी वित्तीय पहुँच पुर्‍याई समावेशी आर्थिक विकास गर्नु,
- बचत तथा ऋणको कारोबार सहकारी संस्थाको नियमन तथा अनुगमनलाई प्रभावकारी बनाएर सहकारीप्रति गरिब जनताको विश्वसनीयता बढाउनु,
- देशभरि छरिएका सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्दै संस्थागत सुशासन अभिवृद्धि गर्नु, वित्तीय जवाफदेहिता सुनिश्चित गर्नु,
- सहकारी संस्थाको सङ्ख्यात्मक वृद्धिभन्दा गुणात्मक विकास गरी समुदायमा आधारित र सदस्यकेन्द्रित बनाउनु, कृषि उपज उत्पादन र बजारीकरण कार्यमा सहकारी संस्था परिचालन गरी बिचौलियाको अन्त्य गर्नु,
- विपन्न समुदायलाई आर्थिक सुरक्षा दिने माध्यमका रूपमा सहकारीलाई विकास गर्नु,
- महिला तथा सीमान्तकृत समुदायमा सहकारीको पहुँच अभिवृद्धि गर्दै गरिबी निवारण गर्नु,
- सहकारी आन्दोलनका प्रतिनिधिमूलक सङ्घ तथा प्रवर्द्धन र नियमनमा संलग्न निकायबीच समन्वय कायम गर्नु,
- सहकारी संस्थामा स्वनियमन कार्यलाई सुदृढ बनाउँदै जानु,
- सहकारी क्षेत्रमा ऋणग्रस्त अवस्थाको अन्त्य गर्नु,
- सहकारीमार्फत परिचालित पुँजीलाई उत्पादनमूलक क्षेत्रमा केन्द्रित गर्दै राष्ट्रिय उत्पादन बढाउनु ।
- सहकारी स्वेच्छिक सहभागिताको समूह हो । यसमा स्वतन्त्रता, स्वायत्तता हुन्छ । प्रत्येक सदस्यको सक्रिय र सार्थक सहभागिता हुन्छ । यही सिद्धान्तमा आधारित भएर समुदायप्रति क्रियाशील सहकारीको सङ्ख्यात्मकभन्दा गुणात्मक अभिवृद्धि गर्नु अहिलेको आवश्यकता हो । यसका लागि तीन तहका सरकारले आ–आफ्नो भूमिकालाई समन्वयात्मक रूपमा अगाडि बढाउनुपर्छ ।

३. **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को गठन तथा काम, कर्तव्य र अधिकारबारे लेख्नुहोस् ।**
✍ विपद् व्यवस्थापनसम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन–२०७४ ले प्रधानमन्त्रीको अध्यक्षतामा एक विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् गठन गरेको छ, जुन निम्न छ :
• (क) प्रधानमन्त्री – अध्यक्ष
• (ख) नेपाल सरकारका मन्त्रीहरू – सदस्य
• (ग) प्रतिनिधिसभाको विपक्षी दलको नेता – सदस्य
• (घ) सबै प्रदेशका मुख्यमन्त्री – सदस्य
• (ङ) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष – सदस्य
• (च) नेपाल सरकारको मुख्य सचिव – सदस्य
• (छ) प्रधानसेनापति, नेपाली सेना – सदस्य
• (ज ) गृह मन्त्रालयको सचिव – सदस्य
• (झ) विपद् व्यवस्थापनको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिमध्येबाट कम्तीमा एकजना महिलासहित परिषद्बाट मनोनीत तीनजना – सदस्य
• (ञ) राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख – सदस्य सचिव
• उपरोक्त बमोजिमको मनोनीत सदस्यको पदावधि पाँच वर्षको हुने, मनोनीत सदस्यको काम सन्तोषजनक नभएमा परिषद्ले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्ने तर त्यसरी सदस्यबाट हटाउनुअघि निजलाई सफाइ पेस गर्न मनासिब मौका दिनुपर्ने व्यवस्था छ ।
• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को काम, कर्तव्य र अधिकार :
- विपद् व्यवस्थापनसम्बन्धी राष्ट्रिय नीति तथा योजना स्वीकृत गर्ने,
- विपद् व्यवस्थापनसम्बन्धमा अङ्गीकार गर्नुपर्ने नीति तथा योजनाका सम्बन्धमा कार्यकारी समिति र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई आवश्यक निर्देशन दिने,
- विपद् व्यवस्थापनसम्बन्धी कार्यमा प्रदेश तथा स्थानीय तहलाई आवश्यक नीतिगत मार्गदर्शन गर्ने,
- विपद् व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्नेसम्बन्धमा कार्यकारी समिति तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई निर्देशन दिने र सोको लागि आवश्यक सहजीकरण गर्ने,
- विपद् व्यवस्थापनसम्बन्धी कार्यहरूको मूल्याङ्कन गर्ने ।

४. **वित्त नीतिका उद्देश्य र ती उद्देश्य प्राप्त गर्न प्रयोग गरिने उपकरण के–के हुन् ? लेख्नुहोस् ।**
✍ कर, सरकारी खर्च र ऋणको माध्यमबाट देशको अर्थव्यवस्थालाई आवश्यकताअनुसार प्रभावित गर्ने नीति वित्त नीति हो । यो समष्टिगत आर्थिक नीतिको एक अङ्ग हो । यसका उद्देश्य निम्न छन् :
- क. आर्थिक वृद्धि गर्नु,
- ख. आर्थिक स्थायित्व गर्नु,
- ग. सामाजिक न्याय कायम गर्नु ।

• **वित्त नीतिका उपकरण**
- क. कर,
- ख. सरकारी खर्च,
- ग. सरकारी ऋण ।

५. **सुशासनका कुनै तीन तत्त्वको सङ्क्षेपमा चर्चा गर्नुहोस् ।**
✍ राज्य प्रणालीलाई सुदृढ गरी समग्र सेवा प्रवाहलाई जनमुखी बनाउने कार्य सुशासन हो । यसले राज्यको शासन व्यवस्था भ्रष्टचारमुक्त एवम् ढिलासुस्तीमुक्त भई सबै नागरिकले मन पराउने असल हुनुपर्छ भन्ने मान्यता राख्छ । यो एक बहुआयामिक विषय हो, त्यसैले यसका तत्त्व धेरै हुन्छन्, तीमध्ये कुनै तीन तत्त्वहरूलाई निम्नअनुसार चर्चा गर्न सकिन्छ :

• **क. पारदर्शिता :**
- सरकारका सबै अङ्ग र त्यसका सम्पूर्ण क्रियाकलापमा सरोकारवाला नागरिकको सहजै पहुँच हुनुपर्छ । नागरिकले त्यसबारेमा सजिलै सूचना प्राप्त गर्न पाउनुपर्छ । कार्यालयका सबै काम र त्यसको प्रगति प्रतिवेदन सार्वजनिक हुनुपर्छ र सरोकारवालाले त्यसमा टिप्पणी गर्न पाउनुपर्छ । यसबाट पारदर्शिता अभिवृद्धि भई राज्यप्रति नागरिकको विश्वास बढ्छ ।

• **ख. जवाफदेहिता :**
- शासन सञ्चालन गर्ने पदाधिकारीले आफूले गरेका निर्णय एवम् कामबारे सर्वप्रथम आफू जिम्मेवार हुने र सरोकारवालाई जवाफ दिने गर्नुपर्छ । आफूले गरेका कार्यको अरूबाट स्वच्छ मूल्याङ्कन गराउनुपर्छ । सरोकारवालालाई जवाफ दिनेगरी कार्यसम्पादन गर्नुपर्छ ।

• **ग. सहभागिता :**
- राज्य प्रणालीका हरेक अङ्गमा सरोकारवाला नागरिकको सहभागिता हुनुपर्छ । नीति निर्माणदेखि कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका हरेक चरणमा सहभागिता प्रवर्द्धन गर्नुपर्छ । यसले शासनमा वैधता, अपनत्व बढाउँछ । यसबाट देश हाम्रो हो र हामी सबै मिलेर विकास गर्नुपर्छ भन्ने मान्यता नागरिकमा जागृत हुन्छ । ■

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

### भूलसुधार

जेठ १८ गते यसै पृष्ठमा प्रकाशित गोरखापत्रका नियमित लेखक वरिष्ठ अधिवक्ता खिमलाल देवकोटाको लेखमा प्राविधिक भूलवश नाम अन्यथा पर्न गएकाले सच्याइएको छ ।

**– सम्पादक**

QUESTION BANK NEPAL